परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १५३ पृष्ठ ४ २०८० कार्तीक २६ गते, आइतबार 12 Nov., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

**हार्दिक मंगलमय शुभकामना**

शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, लेखक, कर्मचारी एंव स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू तथा सम्पूर्ण युवा साथिहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**टक नेपाल राष्ट्रिय दैनिक**
पत्रिका सम्पूर्ण परिवार

## दुई सय ९० किलो गाजासहित महोत्तरीबाट २ जना पक्राउ



• टक नेपाल

महोत्तरी । महोत्तरीको सम्सी-५ स्थित देवीस्थानबाट २ सय ९० केजी गाजासहित २ जना पक्राउ परेका छन् । सम्सीबाट जलेश्वर तर्फ गइरहेको ना ०५ ख.९७११ नम्बरको ट्रकमा चालकको सिट पछाडि रहेको फलस बटनमा लुकाईछिपाई राखिएको १९ पोका गाजा नियन्त्रणमा लिएको महोत्तरी प्रहरीले जनाएको छ । गाजा लिएर हिँडेको ट्रकसहित चालक मकवानपुर बकैया घर भएका २५ वर्षका लिलाबहादुर थिङ र हेटौंडा उपमहानगरपालिका-१३ बस्ने सहचालक राजेश घलानलाई पनि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरिले जानकारी दिए । पक्राउ परेका चालक र सहचालकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखी अनुसन्धान अघि बढाइएको प्रहरीले बताएको छ । विशेष सुराकीको आधारमा नियन्त्रणमा लिएको ट्रक पनि प्रहरी कार्यालय परिसरमै राखिएको गिरीले बताए ।

## धनुषा र महोत्तरीको बजारमा तस्करीका पानमसलाहरू

• टक नेपाल

बर्दिबास । पछिल्लो समय धनुषा र महोत्तरी जिल्ला तस्करहरूका लागि उर्वराभूमि बन्दै गएका छन् । दुवै जिल्लाहरूको सिमावर्ति नाकाहरूबाट प्रहरीको मिलो मतोमा ठूलो परिमाणमा भन्सार छलेर सुर्तीजन्य पदार्थको धनुषाको जनकपुरधाम, सबैला, यदुकोहा, महोत्तरीको जलेश्वर, बर्दिवास, गौशालासहितका बजारमा भित्रिने गरेको छ । भारतीय बजारबाट अवैध रुपमा पान पराग, रजनीगन्धा लगायतका गुटकाहरू अवैध रुपमा आयात भई भित्रिने गरेकोले सरकारको लाखौं रुपैया गुम्दै गइरहेको छ । छिमेकी मुलुक भारतको जयनगर, बासोपटी, उमगाँव, मधुवापुर, भिठामोड, सुरसण्ड लगायतको बजारबाट तस्करहरूले दैनिक एक करोडभन्दा बढी मूल्यको रजनीगन्धा, पान पराग, राजनिवास, तुलसी, जर्दालगायत विभिन्न प्रकारको पान मसाला तस्करी गरी नेपाली यस क्षेत्रका

बाँकी पृष्ठ २ मा

## निगौल क्रिकेट टिममाथि उषा ईन्जिनियरिङ्ग कन्सलटेन्सी टिमको ४ विकेटको जित

### नगर प्रमुख महतोले आफ्ना तलब बापत आएको रकमबाट दिए पुरस्कार




• बिबेक कुमार महतो

गौशाला । महोत्तरीको गौशालामा शुरु भएको जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्टको फाइनल खेलमा निगौल क्रिकेट टिमविरुद्ध उषा ईन्जिनियरिङ्ग कन्सलटेन्सी टिमले जित हासिल गरेको छ । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको निगौल क्रिकेट टिमले ६ बिकेटको छतिमा १६ ओभरमा १४८ रन बनाएको थियो । जावाफी ब्याटिङ गर्ना उत्रेको युईसी टिमले १४.३ ओभरमा १४९ को लक्ष्य पुरा गारी ४ विकेटले उपाधी हात पारेका हुन् । फाईनल खेलमा म्यान अफ द म्याच संजय साह, इमेर्गीङ्ग पेलेयर अफ द टुनामेनट क्याफ सेख, बेस्ट ब्याट्सम्यान प्रिन्स साह, बेस्ट विकेट किपर मो. अफरुद्दीन, बेस्ट बलर नितेश यादव, म्यान अफ द सिरिज कामेश्वर मुखिया रहेको छ । नेपालीहरुको महान चाड दशैं, दिपावली तथा छठको शुभ अवसरमा उषा ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि.को आयोजना र गौशाला नगर पालिका साथै विभिन्न संघ संस्था, खेल प्रेमीहरुको विशेष सहयोगमा जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्ट कार्तिक १ गते देखि शुरु भएको थियो । सो खेलमा ३२ टिम सहभागि भएका थिए । टुर्नामेन्टमा प्रथम स्थान हुने टिमलाई ५० हजार रुपैयाँ र सिल्ड साथै प्रमाण पत्र त्यस्तै द्रोस्रो स्थान ल्याउने टिमलाई ३० हजार रुपैयाँ र सिल्ड साथै प्रमाण पत्र दिईएको आयोजक टिमले जनाएको छ । गौशाला नगरपालिका वडा नम्बर १० स्थित रहेको खेल मैदानमा आयोजित जिल्ला स्तरीय नकआउट क्रिकेट टुर्नामेन्टको फाईनल सत्रलाई सम्बोधन गर्दै गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतोले खेल र खेलाडीलाई प्रोत्साहन गर्न उदेश्यले टुनामेटमा रहेको पुरस्कार बराबरको ८० हजार र कम आफ्ना तलब बापत आएको रकमबाट दिएको बताए । साथै गौशाला नगरपालिकामा आउँदो आर्थिक वर्षमा गौशाला क्रिकेट एकेडेमी संचालन गर्ने पनि जानकारी दिए ।

**आजको PDF अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।**






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# शुभ दीपावली

नेपालीहरुको दोश्रो ठूलो पर्वमा रुपमा रहेको तिहार अथवा दीपावली शनिवारबाट शुरु हुँदैछ ।तिहार पर्व कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने गरिन्छ। तिहारमा पिङ खेल्ने, दीपावली गर्ने, देउसी-भैलो खेल्दै सेलरोटी आदि मिष्ठान्न खाई रमाइलो गरी तिहार मनाउने गरिन्छ ।कार्तिक कृष्ण त्रयो दशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मका पाँच दिन मनाइने भएकाले यसलाई यमपञ्चक भन्ने गरिन्छ । कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म यमराज पनि आफ्ना दैनिक काम स्थगित गरी बहिनी यमुनाकहाँ अतिथिका रुपमा बसेर भाईटीका ग्रहण गर्ने भएकाले यस पर्वलाई यमपञ्चक भनिएको हिन्दू शास्त्रमा उल्लेख गरिएको छ । विशेष गरी तिहार पर्वको नाम हिन्दी शब्दको ‘त्योहार’ शब्दबाट अपभ्रम्स हुँदै तिहार बनेको हो। यसलाई दीपावली (दिवाली) नामले पनि जानिन्छ। यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन र भाईको पूजा गरिन्छ । तिहारपर्वको पहिलो दिन अर्थात कार्तिक कृष्ण त्रयोदशीका दिन कागको पूजा गरी मीठोमीठो खान दिएर काग तिहार मनाईन्छ । यमपञ्चकको दोस्रो दिन अर्थात् कार्तिक कृष्ण चतुर्दशीका दिन कुकुर तिहार मनाइन्छ । यमपञ्चकको तेस्रो दिन अर्थात् कार्तिक कृष्णपक्ष औंसीका दिन लक्ष्मीपूजा र गाई तिहार मनाइन्छ । यस दिन लक्ष्मीलाई धनधान्यकी देवी र गाईलाई गौमाता मानेर पूजा गरिन्छ ।यमपञ्चकको चौंथो दिन अर्थात कार्तिक शुक्लपक्ष प्रतिपदाको हल तिहार वा गो वर्धन पूजा मनाइन्छ र तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीया तिथिका दिन यो पर्व विशेष उत्साहका साथ मनाइन्छ । यो पर्व दिदीले भाईलाई र बहिनीले दाजुलाई अनि त्यसैगरी भाईले दिदीलाई र दाजुले बहिनीलाई विशेष मान-सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा-मिष्ठान्न आदि मनपर्ने कुरा ख्वाउने, दिदीबहिनीलाई दान-दक्षिणा एवं वस्त्र आदि दिने परम्परा छ । यो पर्वको तिहार तथा दीपावलीको अवसरमा हामी सम्पूर्ण पाठनवर्गमा हार्दिक शुभकामना अर्पण गदर्छौं ।

टक नेपाल
राष्ट्रिय दैनिक
“परिवर्तनको एक नयाँ आवाज”
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# नक्टाझिजमा हतियार देखाएर लुटपाट र डकैती

● टक नेपाल



जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका २ नक्टाझिजमा गएराति एक घरमा डकैती भएको छ। स्थानीय रामकेवल महतोको घरमा डाँका समूहले राति करिव १२ बजेको समयमा घर पछाडिको बाटो प्रवेश गरी लुटपाट र डकैती गरेको महतोले बताएका छन् । पाँचजनाको समूहमा हातहतियार सहित घरमा प्रवेश गरेको डाँकाले आफुमाथि पेस्तोल तेर्स्याउँदै नगद, सुनचाँदीको गरगहना निकाल भन्दै लुटपाट गरेको पीडित महतोको भनाई छ । प्रतिकार गर्न खोज्दा ज्यान लिने भन्दै पेस्तोल ताकेर मोबाइल फोन, श्रीमतिको मंगलसुत्र लुटपाट गर्दै घरमा रहेको दराज, पेटी फुटाएर नगद, गरगहना डकैती गरेको उहाँको भनाई छ । डाँका समूहले घरबाट नगद ५० हजार, डेढ तोला सुन, ३० तोला चाँदी र ३ सेट मोबाइल फोन लुटेर लगेको महतोले जानकारी दिएका छन् । घटना लगतै ईलाका प्रहरी कार्यालय महेन्द्रनगरमा जानकारी गराउँदा पनि राति १ बजे आएको र घटनाबारे जानकारी लिएर फर्केको स्थानीयले बताएका छन् । डाँका समूहलाई खोज्न प्रहरीले चासो नदेखाएको स्थानीयको गुनासो छ । ईलाका प्रहरी कार्यालयले घटना सम्बन्धि जानकारी पाएपछि डाँका समूहको खोजतलासमा जुटेको जनाएको छ । पीडित महतो धन्तेरसका दिन हिजो मात्रै महेन्द्रनगरको एक बैंकको एटिएमबाट नगद ३० हजार झिकेर ल्याएको बताए ।

# धनुषा र महोत्तरीको बजारमा तस्करीका...

नेपाली बजारमा भित्र्याउन गरेको स्थानीय व्यापारीहरूको भनाइ छ। फुटकर तस्करहरूले साइकल र मोटरसाइकलबाट यस्ता सुर्तीजन्य पदार्थहरू भित्रिने गरेका छन् । उनीहरूले यस्ता सामानहरू पान पसल, चिया पसल, किराना पसल लगायतका पसलहरूमा दिने गरेको छ । पान पराग, रजनीगन्धा, तुलसी लगायत सुर्ती जन्य पदार्थमा अत्यधिक भन्सार भएकोले भन्सार काट्दा महँगोमा बेच्नुपर्ने भएकोले हामीले लुकाई छिपाइ ल्याउन गरेको नाम उल्लेख नगर्न सर्तमा एक तस्करले बताए । व्यापारीहरू यो नाकाबाट नआउने भएकाले हालसम्म यस्ता पदार्थको भन्सार काटिएको रेकर्ड छैन जलेश्वर भन्सार र जटही भन्सार कार्यालयका समेत छैन । जलेश्वर भन्सार कार्यालयका सुचना अधिकारी सुमित गुप्ताले भने खुल्ला सीमाको कारण यस्ता सामानहरू चोरी पैठारी भई नेपाली बजार मा आउँने गरेको बताए । यस्ता सामानहरू ल्याउँदा तस्करहरूले सीमा क्षेत्रमा रहेका प्रहरीलाई मासिक रुपमा पैसा दिएर ल्याउने गरेको छ । सुर्तीजन्य पदार्थको कुलत युवापुस्तामा बढ्दै गएको छ भने अर्कोतिर सरकारको राजस्व समेत गुम्दै गएको छ । धनुषाको इनर्वादेखि महोत्तरीको सम्सी नाकासम्म रहेको सशस्त्र र जनपथ प्रहरीलाई मिलाएर अत्यधिक रकम दिएर तस्कर हरूले यो सामान नेपाल भित्र्याउने गरेको छ । यस कार्यमा एक सयभन्दा बढी तस्करहरू संलग्न रहेको जानकारहरूको भनाइ छ। अहिले तस्करहरूले भारतीय बजारबाट ल्याउने यस्ता सुर्तीजन्य पदार्थको तस्करी रोकिएन भने युवा पुस्ताहरू कुलतमा फस्दै जाने सम्भावना देखिएको अधिकारकर्मी विनोद महराले बताए ।

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा ‘छठ पर्व’ २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गुन्ज कार्की**
**होटल तथा पर्यटन व्यवसायि संघ महोत्तरी**
**अध्यक्ष तथा - HOTEL GUNJA परिवार**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा ‘छठ पर्व’ २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विष्णु खडका**
**अध्यक्ष**
**बर्दिवास उधोग वाणिज्य संघ महोत्तरी**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा ‘छठ पर्व’ २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रेवन्त प्रसाद कार्की (सुदिप)**
**अध्यक्ष**
**नेपाल रेडक्रस सोसाईटी बर्दिवास शाखा**

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल

**साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर**

बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)

हाम्रो सेवाहरु

- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ



विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा

9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

## आवश्यक टेलिफोन नम्बरहरु


| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। | तुला | अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। |
| बृष | प्रयत्न गरेका काम मुस्किलले सम्पादन हुनेछन्। | वृश्चिक | दैनिक आवश्यकता पूरा हुनेछन् र मिहिनेतको फल प्राप्त हुनेछ। |
| मिथुन | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। | धनु | आफ्ना काममा अरूको मुख ताक्नाले पछि परिनेछ। |
| कर्कट | मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ। | मकर | परिस्थितिवश काम रोकिन सक्छ। |
| सिंह | अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। | कुम्भ | खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग र हनुपर्ला। |
| कन्या | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | मीन | व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# आवास निर्माणलाई तीव्र बनाउन राज्यव्यवस्था समितिको सुझाव



• टक नेपाल

काठमाडौं । जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पपछि सर कारले उद्धार र उपचारमा लिएको अग्रसरताप्रति प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई धन्यवाद दिएको छ । समितिका सभापति रामहरि खतिवडा नेतृत्वको प्रतिनिधिमण्डलले शनिबार प्रधानमन्त्री दाहालसँग भेट गरी भूकम्प प्रभावित क्षेत्रमा राहत र पुनर्निर्माणलाई प्रभावकारी बनाउन सुझाव दिएको हो । भेटमा समितिका सभापति खतिवडाले भन्नुभयो, "हामीले प्रभावित क्षेत्रमा पुगेर स्थलगत अवलोकन र अन्तर्क्रिया गर्यौं, उद्धार र उपचारमा प्रधानमन्त्री दाहाल स्वयं फिल्डमा पुगेर जसरी नेतृत्व गर्नुभयो, त्यसको सबैले प्रशंसा गरेका छन् । १३ घण्टाभित्र उद्धारको काम सकिनुमा प्रधानमन्त्रीको सक्रियताले नै काम गरेको हामीले पायौँ । यसका लागि समितिका तर्फबाट सरकार लाई विशेष धन्यवाद छ । अब सरकारले राहत र पुनर्निर्माणमा ध्यान केन्द्रित गर्नुपर्छ ।" समिति सदस्य एवं नेकपा (एमाले) का सांसद कृष्णगोपाल श्रेष्ठले सरकारको भूमिका र प्रधानमन्त्री दाहालको सक्रियताप्रति आभार प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "प्रधानमन्त्रीले एकाबिहानै प्रभावित क्षेत्र पुगेर जसरी उद्धारको काम गर्नुभयो, यो निकै प्रेरणादायी छ । देशमा सरकार छ भन्ने कुराको गहिरो गरी अनुभूति गराउनुभयो । म यसको उच्च प्रशंसा गर्दछु ।" भेटमा समितिका सदस्यहरुले अस्थायी आवासको काम हिउँदअघि नै सक्न, मृतक परिवारलाई आर्थिक राहत उपलब्ध गराउन, प्रभावित क्षेत्रमा नियमित स्वास्थ्य सेवाको व्यवस्था गर्न विभिन्न सुझाव प्रस्तुत गर्नुभएको थियो । समितिको प्रतिवेदन बुझ्दै प्रधानमन्त्री दाहालले सांसदबाट प्राप्त सुझाव राम्रोसँग अध्ययन गरेर कार्यान्वयन गरिने बताउनुभयो ।

# 'धोती' गहना थियो कसरी बन्यो....

'हाम्रो सांस्कृतिक वस्त्र लोप नहोस् र नयाँ पुस्ताले पनि आफ्नो पहिचानको लागि यसको धारण गरोस् भन्ने मुल उद्देश्यका साथ काम सुरु गरे,' उनी भन्छन्, ' अहिले मधेशका युवाहरू धोती,कुर्ता,गम्छा र युवतीहरु सिधा सारीका साथ पर्व र उत्सवमा सहभागी हुन थालेका छन् ।' विदेशी पहिरनले मधेशका सांस्कृतिक आभूषणहरु लोप हुँदै गइरहेको छ । संस्कृतिविद् डा. महतो भन्छन्, 'सांस्कृतिक वस्त्र, पर्वतोहारले कुनै पनि जात, धर्म, देशको पहिचान दिन्छ । यो आउँदा पुस्ताका लागि हामी नासोका रूपामा दिएर जानुपर्छ ।' धोती-कुर्ता मधेसको मुख्य पहिचान रहेको उनी बताउँछन् । 'देवी देवतालाई पूजा गरिन्छ । तर, भगवानले लगाएको बस्त्र मधेशीले लगाउँदा 'धोती' भनेर अपमान र गाली गरिन्छ,' डा. विमल भन्छन्, ' भगवान् धैरै राम्रो तर, उनले लगाएको बस्त्र 'धोती' र 'मुरेठ्ठा' चाहीँ बेठिक?' त्यसैले हाम्रो बुझाई नै गलत भएको उनी तर्क गर्छन् । अहिले मिथिला र मधेस क्षेत्रमा पूजापाठ, उत्सव, महोत्सव, पर पाहुनालाई स्वागत र सम्मान गर्दा धोती, कुर्था र गम्छा, सारी जस्ता आभूषणहरू दिने चलन छ । साहित्यकार डा. विमल भन्छन, 'जतिठूलो विदुवान भएपनि काठमाडौं र पहाडी क्षेत्रमा धोती, कुर्ता र गम्छा लगाएर गयो भने उसलाई कमजोर ठान्छिन् ।' तर, केही अबुझहरूले यस्तो प्रवृति देखाउने गरेकाले यसबाट दुःखी नहुन उनी सन्देश बाँड्छन्, 'बिस्तारै युवा पुस्तामा आफ्नो संस्कार, संस्कृति, खानपान, आभूषण संरक्षणमा गर्न नव जागरण आएको छ ।' यसलाई उनले पुनर उत्थानवादी युग भनेका छन् ।

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हिरा गौतम (अध्यक्ष)**
**नेपाल होटल तथा पर्यटन व्यवसायि महासंघ, मधेश प्रदेश**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कुमार भण्डारी**
**सफल व्यवसायि**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुलन सेन ठकुरी (अध्यक्ष)**
**बर्दिवास साना सहकारी तथा सहकारी संस्था**
**बर्दिबास, महोत्तरी**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**चिरंजिवि हमाल**
**नेपालि कांग्रेस नेता**
**तथा महाधिवेसन प्रतिनिधि**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भरत हमाल**
**अध्यक्ष**
**श्री जन्ता मा.वि. बर्दिवास २**

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व शुभ दिपावली तथा 'छठ पर्व' २०८० को पावन अवसरमा सम्पूर्ण नगरबासी, अभिभावक, शिक्षक/शिक्षिका, विद्यार्थी तथा देश बिदेशमा रहनु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुधिर अग्रवाल**
**महोत्तरी चेम्बर अफ कमर्स अध्यक्ष**
**तथा सफल व्यवसायि**









# गौशालामा शुभ दीपावली तथा छठको शुभकामना आदान प्रदान कार्यक्रम सम्मपन्न



● नरेन्द्र महतो

गौशाला । महोत्तरी जिल्लाको गौशाला नगरापलिका वडा नं. ५ स्थित गौशाला बजारमा शुभ दीपावली (तिहार), छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान तथा सांगितिक कार्यक्रम शनिवार सम्पन्न भएको छ । गौशाला नगरपालिकामा मालपोत तथा नापी कार्यालय ल्याउन सफल भएको भन्दै मधेश प्रदेशका पुर्व गृह तथा संचारमन्त्री भरत प्रसाद साहले जानकारी समेत दिनु भयो । १३ वटा कर्मचारीको दरवन्दी भए पनि छठ पछि मात्र तीन वटा कर्मचारी आउने हुनेछ र बाँकि नापी कार्यालय आए पछि थप कर्मचारी आउनु हुने छ भने स्पष्ट पारे । गौशाला नगर पालिकाको विकासमा हाथोमालो गरेर जाने साहले प्रतिवद्धता जनाए ।त्यसै गरि वडा न. ५ को ओम प्रकाश गुप्ता, वडा न .४ रामनारायण महसेठ, सुनिल चन्द्र झा, मनु अधिकारी, नगर पालिका सदस्य युगल किशोर साह लगायतले दीपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना व्यक्त गरे । नेकपा ऐमालेका पदम वहादुर सुवेदिले गित गाएर मनोरजन प्राप्त गराएका थिए । कार्यक्रममा सशस्त्र तथा नेपाल प्रहरीका प्रहरी निरीक्षक लगायत स्थानीयहरुको उपस्थिति रहेका छन् ।







# 'धोती' गहना थियो कसरी बन्यो 'गाली' ?





● राजकरण महतो

बर्दिबास । धोती । मिथिला र मधेसको विशिष्ट आभूषण हो । तर, पछिल्लो समय यसलाई गाली गर्न एक शब्दको रूपमा प्रयोग गरेको पाइन्छ। साहित्यकार डा. राजेन्द्र विमल भन्छन्, 'मिथिलाका कर्नाटवंशी राजाले शास्त्रार्थ गर्थे । परीक्षामा उत्तीर्ण हुने विद्वानलाई एक जोर धोती उपहार दिन्थे । तर, कलान्तरमा विश्वमा कहीँ नभएको कुरो नेपालमा देखिएयो, त्यही पहिरन 'धोती'लाई गाली गर्न शब्दको रूपमा प्रयोग गर्न थालियो ।' भारतबाट भागेर सन् १०९७ मा मिथिला आएका कर्नाटवंशी राजा नान्यदेवले सिम्रौनगढ (बारा)मा राजधानी कायम गरेका थिए । उनले मिथिलाका विद्वानहरूलाई दरबारमा भेला पारेर शास्त्रार्थ गराउँथे । अहिले जस्तो उहिले मेडल र रूपै याँ पुरस्कार दिने चलन थिएन। डा. विमल थप्छन्, 'मिथिलाका राजामहराजले धोतीलाई उच्च पुरस्कारको रूपमा प्रयोग गर्थे । त्यो बेला धोतीको एक प्रकारले महिमा गान हुन्थ्यो।' तर, अहिले त्यही धोती लगाएर काठमाडौंको गल्ली हिँड्दा दुर्व्यवहार सहनुपरे को घटना सुनिनु र देखिनु दुःखको कुरा रहेको उनी बताउँछन् । उनका अनुसार सिंहदरबारभित्र गम्छाको मुरेठ्ठा बाँधेर पस्दा 'धोती' भनेर होच्याइछ । यसले गर्दा मधेसमा सर्ट, पेन्ट लगाउने युवा पुस्ता बढे। सांस्कृतिक तथा धार्मिक पोसाक धोती, कुर्ता र गम्छा लगाउनेमा हिन्ताबोध गराइरहेको छ । यसलाई चिर्नका लागि पछिल्लो समय आफ्नो पहिरन प्रति गौरव गर्दै मधेसका युवाहरूले सांस्कृतिक, धार्मिक तथा परम्परागत पोसाक जोगाउन अभियान चलाइरहेका छन् । पुरुषले लगाउने धोती, कुर्ता, गम्छा, पाग र महिलाले लगाउने सारी, चोलो, पेटीकोटको संरक्षण र सम्बर्द्धनका लागि अभियान चलाएको हो। हालै मधेसका नर, नारीहरूले जानकी मन्दिर परिषरमा धोती, कुर्ता, गम्छा, पाग, सारी लगाएर जमघट गरेर रैथाने बस्त्रको प्रदर्शन गरेका हुन्। तिहारपछि हुन लागेको छठमा विशेषरूपमा सांस्कृतिक बस्त्र लगाएर सहभागी हुन उनीहरूले सबैमा अपिल गरेका छन् । 'अइबेर के छठीघाट, अपन सांस्कृतिक वस्त्रके साथ' भन्ने नारा सार्वजनिक गरिएको बिजलपुराका रोशन महतोले सुनाए । शासक वर्गले राज्यको पहुँच नभएका वर्गको जातजाती, भाषाभाषीको पहिचानलाई ओझेलमा पारेको साहित्यकार डा. विमल बताउँछन् । 'सासक वर्गको आभूषण, खानपान, भाषा, साहित्यको धेरै चर्चा गरिन्छ। यसको धारण गर्नेहरूलाई गौरवान्वित गर्ने वातावरण बनाइन्छ,' उनी थप्छन्, ' त्यसले तल्लो वर्गले धारण गर्ने संस्कृति, संस्कार, भाषा, साहित्यप्रति हिन्ताबोध गर्ने बीउ रोपियो ।' तल्लो वर्गमा आफ्नो परम्परा, खानपान, , बाजागाजा, संस्कार-संस्कृति, रहनसहनको संरक्षण र सम्वर्द्धन गर्ने नेतृत्वको अभावले यस्तो बीउ उम्रिने मौका पाएको उनी सुनाउँछन् । उनका अनुसार काठमाडौंमा मधेसीहरू धोती, कुर्ता, गम्छा लगाएर हिँड्न हिन्ताबोध गरिरहेको अवस्था छ । यस्ता बस्त्रधारण गर्नेहरु आफूलाई जोकर बुझ्न बाध्य छन् । तर नयाँ युवा पुस्ताले आफ्नो पहिचान संरक्षण, प्रचार प्रसारमा जुट्न अब ढिला गर्न नहुने डा. विमल बताउँछन् । मगही भाषा, साहित्य र संस्कृतिमा विद्यावारिधि गरेका डा. वीर बहादुर महतोका अनुसार विदेशी पहिरनले मधेशका संस्कृतिक आभूषणहरु लोप हुँदै गइरहेको छ । युवा पुस्ताले रैथाने पहिरन लगाउन लाज मानिरहेका छन् । यसले सांस्कृतिक वस्त्रको बजार घट्दै गएको छ। कुर्ता, चोलो, पेटीकोट सीलाएर जीवन चलाउने सूचीकारहरूको पेसा नै संकटमा पर्न थालेको छ । सांस्कृतिक वस्त्र संरक्षण एवं सम्वर्द्धनका लागि महोत्तरीको गौशालाका कवि मोहन महतो कोईरीले चार वर्ष अघि अभियानको सुरुवात गरेका थिए। धोती, कुर्ता र गम्छा लगाएर उनले एउटा भिडियो समाजिक सञ्जालमा राखेर सांस्कृतिक तथा धार्मिक बस्त्रको संरक्षणमा युवा पुस्तालाई अगाडि आउन आह्वान गरेका थिए । अहिले जुन सन्देश फैलिएर मधेशमा चर्चा बटुलेको छ । विभिन्न पर्व, उत्सव र महोत्सवमा सांस्कृतिक वस्त्रधारण गरेर युवा पुस्ता सहभागी हुँदा खुसी लागेको कवि कोइरीले सुनाउँछन् ।

»» बाँकी पृष्ठ ३ मा







बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com